# माप्य दुधकोशी गाउँपालिका
## गाउँ कार्यापालिकाको कार्यालय
खास्लाम, सोलुखुम्बु
१ नं. प्रदेश, नेपाल

प.सं.०७७/०७८
च.नं. ६६९

मिति: २०७७ भदौ २१ गते

श्री सबै वडा कार्यालयहरु

**विषय :- सूचना गरिएको बारे ।**

यस माप्य दुधकोशी गाउँपालिकाले विश्वव्यापी महामारीको रुपमा फैलिएको COVID-19 (नोभेल कोरोना भाइरस)ले पार्न सक्ने हरेक किसिमका असरहरुलाई ध्यानमा राखेर गाउँपालिका भित्र कोरोना सम्बन्धि समस्याहरुको रोकथाम तथा नियन्त्रणका लागि निम्नानुसारका मापदण्डहरु तय गरेको जानकारी गराउँदै जसको कडाईका साथ पालना गर्न गराउनुहुन सम्बन्धित सबैलाई अनुरोध छ । गाउँपालिकाले मापदण्डहरुको कार्यान्वयनका लागि आवश्यकताअनुसार सम्बन्धित निकाय तथा सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने जानकारी समेत गरिन्छ ।

१. कुनैपनि व्यक्ति गाउँपालिका प्रवेश गर्दा सम्बन्धित वडा/गाउँपालिकाको सिफारिस अनिवार्य लिनुपर्नेछ ।
२. बाहिरी जिल्ला हुँदै यस गाउँपालिकामा प्रवेश गर्नका लागि **PCR Report Negative** भएको प्रमाण अनिवार्य पेश गर्नुपर्ने छ ।
३. **PCR Report** को मान्यता बढिमा ७२ घण्टासम्म मात्रै रहने छ । सो मापदण्ड पूरा गरी गाउँपालिका प्रवेश गर्दा सम्बन्धित व्यक्ति १४ दिन अनिवार्य **Home Quarintine** मा बस्नुपर्ने छ ।
४. पैदल वा सवारी साधनमार्फत गाउँपालिका प्रवेश गर्ने क्रममा सेनिटाइजर वा मास्कलगायत आवश्यक स्वास्थ्य सुरक्षा अनिवार्य अपनाउनुपर्ने छ । गाउँपालिकाभन्दा बाहिरबाट प्रवेश गर्ने सवारी चालकलेसमेत मापदण्ड अनिवार्य लागु गर्नुपर्नेछ ।
५. उल्लिखित मापदण्ड कार्यान्वयन नगरेको पाइएमा कानुनअनसार कडा भन्दा कडा कार्वाही गरिनेछ ।

दिनेश कुमार राई
प्रमुख प्रशासकीय अधिकृत